'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
*Namaste Karnali National Daily* राष्ट्रिय दैनिक

वर्ष १ | अंक : २२ | सोमबार ३१ भदौ, २०८१ | *16 (Monday) September 2024* | पृष्ठ ४, | मूल्य रु : १०।-

# लुम्बिनीको नजिामती सेवा ऐन संशोधन वधियक प्रदेश सभामा पेस


• नमस्ते समचारदाता
बुटवल, भदौ/३०




लुम्बिनी प्रदेशको निजामती सेवा ऐन संशोधनका लागि प्रदेश सभाको विषयगत समितिमा छलफल हुने भएको छ । आइतबार बसेको प्रदेश सभाको चौथो अधिवेशनको ३३ औं बैठकले प्रदेश निजामती सेवा ऐन २०८० लाई संशोधन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि प्रदेश मामिला तथा कानुन समितिमा पठाउने प्रस्ताव पारित गरेको हो । बैठकमा संशोधन विधेयकमाथि दफावार छलफलका लागि भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले प्रस्ताव गरेका थिए। सभामुख तुलाराम घर्तीले निर्णयार्थ प्रस्तुत गरेको विधेयकलाई प्रदेश मामिला तथा कानुन समितिमा दफावार छलफलका लागि पठाउने प्रस्ताव सर्वसम्मतले पारित भएको थियो। स्रोतका अनुसार सोमबार प्रतिवेदनसहितको विधेयक प्रदेश सभामा छलफलका लागि पेस गर्ने तयारी छ। प्रदेश सभाबाट ऐन बनेको ठिक एक वर्षपछि सरकार ले त्यसलाई संशोधन गर्ने तयारी गरेको हो । प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेस गर्ने निर्णय लुम्बिनी मन्त्रिपरिषद्‌को गत सोमबारको बैठकले पारित गरेको थियो। २०८० असार २२ गते सरकारले निजामती विधेयक पेस गरेको थियो। विषयगत समितिको छलफल र सरोकारवालाको सुझावसहितको प्रतिवेदनलाई प्रदेश सभाले २०८० भदौ २२ गते पारित गरेको थियो । प्रदेश सभाबाट पारित भएको तीन महिनापछि प्रदेश प्रमुख अमिक शेरचनले मंसिर २१ गते प्रमाणीकरण गरेका थिए। सरकारले सरोकारवालाको सुझावसहित विधेयक पारित गरे पनि त्यसमा उल्लेखित केही दफा र उपदफाको विषयमा कर्मचारी संघ, संगठन र समूहहरूले विरोध गर्दै आएका थिए। सोमबारको प्रदेश सभाको बैठकको विशेष समयमा प्रदेश सभा सदस्यहरूले प्रदेश सरकारले अघि सारेको ५ लाख भन्दा माथिका आयोजनाहरू ठेक्का प्रक्रियाबाट मात्र निर्माण गर्ने निर्णय अपरिपक्व भएको भन्दै निर्णय सच्याउन आग्रह गरेका थिए। त्यस्तै विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए। प्रदेश सभाको अर्को बैठक सोमबार दिउँसो १ बजे बस्नेछ।

# अख्तियारमा एक वर्षमा परे १६ हजार उजुरी

• नमस्ते समचारदाता
काठमाडौं, भदौ/३०



अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८०।०८१ मा आयोगमा २६ हजार ९१८ उजुरी परेका छन्। आइतवार शीतलनिवासमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाउने क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले उक्त जानकारी दिएका हुन् । उनले अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ९ हजार २६८ उजुरी समेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या ३६ हजार १८६ रहेको जानकारी दिए। उनले यो अवधिमा कुल ३६ हजार १८६ उजुरीमध्ये २७ हजार ७१४ अर्थात् ७६.५९ प्रतिशत उजुरी स्क्रिनिङ र प्राथमिक छानबिनबाट फर्स्यौट भएको बताए । उनले फर्स्यौट गरेका उजुरीमध्ये आयोगको क्षेत्राधिकारभित्र नपरेका गोलमटोल प्रकृतिका भइरहने वा दुःख दिने नियतका र कुनै तथ्य प्रमाणबिनाका सामान्य प्रकृतिका १३ हजार ५९३ वटा उजुरी तामेली गरिएको बताए। उनले फ फर्स्यौट भएकामध्ये १ हजार १३३ वटा उजुरीमाथि विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको, १३१ उजुरीउपर सुझाव दिइ तामेली गरिएको र १२ हजार ७८६ उजुरी उपर कानून बमोजिम अन्य आवश्यक कारबाही गरिएको जानकारी दिए। उनले प्रारम्भिक छानबिनका क्रममा रही फर्स्यौट हुन बाँकी ८ हजार ४७२ उजुरी आर्थिक वर्ष २०८१।०८२ मा सरेको बताए। राईले भने 'आर्थिक वर्ष २०८०।०८१ मा आयोगमा २६ हजार ९१८ उजुरी प्राप्त भएका छन्। अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ९ हजार २६८ उजुरी समेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या ३६ हजार १८६ रहेको थियो। यो अवधिमा कुल ३६ हजार १८६ उजुरीमध्ये २७ हजार ७१४ अर्थात् ७६.५९ प्रतिशत उजुरी स्क्रिनिङ र प्राथमिक छानबिनबाट फर्स्यौट भएका छन्।'

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# हुम्लामा दुई दिनदेखि अवरुद्ध हवाई सेवा सुचारु

• नमस्ते समचारदाता
हुम्ला, भदौ/३०



दुई दिनदेखि अवरुद्ध हुम्लाको हवाई सेवा सुचारु भएको छ। शनिबार बिहानबाट मौसममा सुधार आएसँगै हवाई सेवा सुचारु भएको हो। बिहीबारबाट अवरुद्ध हवाई सेवा सुचारु भएको समिट एयर सिमकोटका इन्चार्ज गोविन्द लामाले बताए। बिहीबार र शुक्रबार बिहानैबाट विमान नेपालगञ्जबाट सिमकोट उडानका लागि तयारी अवस्थामा रहेको भए पनि लगातार वर्षा भइरहेका कारण उडान हुन सकेको थिएन । शनिबार भने नेपालगञ्जबाट सिमकोटका लागि तीन वटा उडान भएको छ। सीता एयरले दुई र समिट एयरले एक उडान भरेको छ। एक मात्र बिकल्पमा रहेको हवाईजहाज बिगतका केह्रं महिना देखि मौसम तथा अन्य बिबिध कारणले गर्दा उडान प्रभाबित हुनेगरेको छ। पछिल्लो समय केहए महिना निरन्तर उडान हुने गरेको नेपालगञ्ज नागरी प्रात्रिकरणले जानकारी पदिएको छ। हवाइ उडान नहुदा खाद्य तथा दन्य दैनिक उपभोग्य समानको अभाब हुने गरेको छ। यस्ता समस्यालृ गर्दा समयमै उडान गर्न जरुरी देखिन्छ। बर्खाको समयमा निरन्तर पानी परेको कारण पनदिुई दिनदेखि अवरुद्ध हुम्लाको हवाई सेवा सुचारु भएको छ। शनिबार बिहानबाट मौसममा सुधार आएसँगै हवाई सेवा सुचारु भएको हो।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903


जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# सम्बन्धको कसीमा नेपाल–भारत



डा. विधुप्रकाश कायस्थ

सन् १९५० को जुलाई ३१ काठमाडौंमा सम्पन्न गरिएको शान्ति र मित्रता सन्धिमार्फत आफ्नो दीर्घकालीन सम्बन्धलाई भारत र नेपालले औपचारिकता दिएका हुन्। यो सन्धिमा भारतीय राजदूत चन्देश्वरप्रसाद नारायण सिंह र नेपालका तत्कालिन राणा प्रधानमन्त्री मोहन शमशेर राणाले हस्ताक्षर गरेका थिए। सन्धिले दुई राष्ट्रबीचको लामो समयदेखि चलिरहेको शान्ति र मित्रतालाई पुनः पुष्टि गरेर एक अर्काको सार्वभौमिता र भौगोलिक अखण्डतामा आपसी सम्मानको महत्वलाई जोडेको छ। दुवै सरकारले आफ्नो सम्बन्धलाई प्रभावित गर्न सक्ने छिमेकी राष्ट्रहरूसँगको सम्भावित तनावलाई सम्बोधन गर्न खुला सम्पर्क कायम राख्न प्रतिबद्धता जनाएको छ । कूटनीतिक सम्बन्धलाई सुदृढ गर्न, सन्धिले कूटनीतिक सम्बन्ध कायम राख्ने प्रावधानहरू स्थापित गरेको छ। यसमा अन्तर्राष्ट्रिय मानकअनुसार कूटनीतिक विशेषाधिकार र प्रतिरक्षा प्रदान गर्ने र राजदूतहरू नियुक्तिहरूका लागि अनुमति दिने कुराहरू समावेश छन्। यो सन्धिले दुवै देशका नागरिकहरूलाई औद्योगिक र आर्थिक सहभागितामा राष्ट्रिय उपचार प्रदान गर्ने साथै सम्पत्ति स्वामित्व र व्यापार अधिकारजस्ता अन्य विशेषाधिकार पनि सुनिश्चित गरेको छ। यो सन्धिले भारतको तर्फबाट ब्रिटिस सरकारसँग भएको सबै पुराना सम्झौता खारेज गरेर द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको सुरुवात गर्‍यो। सन्धि हस्ताक्षर गरेकै दिनदेखि लागू भएको थियो। कुनै पनि पक्षले एक वर्षको सूचनासहित यसलाई समाप्त गर्न सक्ने व्यवस्था राखेको छ। यस सन्धिले दुवै राष्ट्रको शान्ति, आपसी सम्मान र सहयोगमा आधारित बलियो साझेदारी निर्माण गर्ने उद्देश्यलाई रेखांकित गरेको छ। ऐतिहासिक रूपमा सन् १९२३ को नेपाल-ब्रिटेन सम्झौताले नेपालको सम्प्रभुता र स्वतन्त्र विदेशी नीति राख्ने अधिकारलाई पुष्टि गरेको छ। साथै सन् १९४७ को ब्रिटिस-नेपाल-भारत त्रिपक्षीय सम्झौताले नेपाली नागरिकलाई ब्रिटिश र भारतीय सशस्त्र बलहरूमा सेवा गर्न अनुमति दिएको छ।भारत, पाकिस्तान, बंगलादेश, अफगानिस्तान र श्रीलंकाजस्ता सार्क सदश्य देशहरू ब्रिटिस उपनिवेशीय शासनअन्तर्गत रहेको भए तापनि नेपाल कहिल्यै उपनिवेशित भएन। एक सय चार वर्षको निरंकुश राणा शासन् (सन् १८४६-१९५१)को दौरान ब्रिटिस इन्डियाले नेपालसँग एक विशिष्ट सम्बन्ध कायम राखे। शाहवंशीय राजालाई एक सांकेतिक भूमिकामा घटाएर राणा शासकहरूले एक अधिनायकवादी प्रणाली स्थापित गरे। प्रमुख सरकारी पदहरू राणा परिवारभित्र विरासतका रूपमा थिए। भारतको स्वतन्त्र भएको चार वर्षपछि नेपालमा सन् १९५१ मा राणा शासनको अन्त्य भएपश्चात लोकतान्त्रिक सुधारहरू प्रारम्भ भयो। स्वतन्त्रतापछि भारतले नेपालको राजनीतिक र आर्थिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ। नेपालले भारतको प्रभावको बीचमा आफ्नो सम्प्रभुता र सांस्कृतिक पहिचान कायम राख्न प्रयास गरेको छ । नयाँ युग - भूमण्डलीकरण र परस्पर क्षेत्रीय निर्भरता : सन् १९९० देखि सन् २०२४ सम्म नेपाल-भारत सम्बन्धको मार्गचित्रले नेपालमा भएका महत्वपूर्ण राजनीतिक परिवर्तनहरूलाई महत्वपूर्ण रूपमा प्रभावित भएको छ। यि परिवर्तनहरूमा माओवादी विद्रोह र अन्ततः राजतन्त्रको अन्त्य पनि समावेश छन्। सन् १९९० मा नेपालले बहुदलीय लोकतन्त्रमा पुनःप्रवेशसँगै लोकतान्त्रिक सुधारहरूको एक युगमा प्रवेश गरे। यस परिवर्तनकारी चरणमा भारतले नेपालको लोकतन्त्रमा परिवर्तनलाई समर्थन गर्नुका साथै सहयोग र साझा चासोमा आधारित एक नजिकको सम्बन्धलाई प्रोत्साहित गरेको छ। सन् १९९० को दशकमा माओवादी विद्रोहको उदयले नेपाल-भारत सम्बन्धलाई पनि प्रभावित गर्‍यो । सन् १९९६ मा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले राजतन्त्रलाई समाप्त गर्ने र जनतान्त्रिक गणतन्त्र स्थापना गर्ने लक्ष्यसहित एक हिंसात्मक विद्रोह सुरु गर्‍यो। यसका परिणामस्वरूप भएको संघर्षले अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्‍यो र भारतको लागि सुरक्षा चासोहरू बढायो। छिमेकी मित्रको रूपमा भारतले शान्ति प्रयासहरूमा महत्वपूर्ण भूमिका खेलेको छ। भारतले शान्ति प्रक्रियालाई समर्थन गर्‍यो र नेपाल सरकार र विद्रोही पक्षका बिच सन् २००६ मा भएको बृहत शान्ति सम्झौतालाई समर्थन गरे । यस सम्झौताले दश वर्षको विद्रोह समाप्त गरेर माओवादी लडाकूहरूलाई राजनीतिक मुख्यधारामा समावेश गरे। संविधान सभामार्फत् सन् २००८ मा राजतन्त्रको समाप्ति र नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो। भारतले यस संक्रमणलाई स्वागत गर्दै नयाँ गणतान्त्रिक ढाँचामा नेपालको राजनीतिक र आर्थिक विकासलाई समर्थन गर्दै रहेको छ। नेपाल-भारत सम्बन्धमा विभिन्न चुनौती देखा परे तापनि द्विपक्षीय सम्बन्ध मजबुत रहँदै आएको छ। व्यापार, सुरक्षा, र विकासमा लगातार सहयोग जारी छ। साझा इतिहास र भू-राजनीतिक चासोहरूले यस विकासशील साझेदारीलाई आकार दिने महत्वपूर्ण भूमिका खेल्न जारी राखेका छन्। चुनौती र अवसर : एक्काइसौं शताब्दीले नेपाल-भारत सम्बन्धमा नयाँ चुनौतीहरू र अवसरहरू प्रस्तुत गरेको छ। प्रमुख चुनौतीहरूमा भू-राजनीतिक तनाव, वातावरणीय मुद्दाहरू र राष्ट्रिय सम्प्रभुता बारेको चासोहरू समावेश समावेश भए तापनि सुदृढ सहकार्यका लागि महत्वपूर्ण अवसरहरू पनि देखा परेका छन्। पूर्वाधार विकास र संयुक्त परियोजनाहरूले साझेदारीलाई बलियो बनाउन आशाजनक मार्गहरू प्रस्तुत गर्छन्। आर्थिक सहयोगको वृद्धि, सांस्कृतिक आदानप्रदान र पर्यटन र शिक्षामा संयुक्त प्रयासहरूले दुवै देशका लागि महत्वपूर्ण लाभ प्रदान गर्न सक्छ। आर्थिक सम्बन्ध र विकास सहयोग : आर्थिक अन्तरक्रियाहरू नेपाल-भारत सम्बन्धको आधारभूत तत्व भएका छन्। भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र एक प्रमुख लगानी र सहायता स्रोत हो। प्रमुख सहयोगका क्षेत्रहरूमा पूर्वाधार परियोजनाहरू र ऊर्जा विकासको लक्ष्य राखेका व्यापार सम्झौताहरू समावेश छन्। यद्यपि व्यापार असन्तुलन, भारतीय आर्थिक नीतिहरूको नेपालको बजारमा प्रभाव र भारतीय सहयोगप्रति निर्भरता जस्ता चुनौती बाँकी छन् । आशावादी भविष्य : वर्तमान २१औं शताब्दीका जटिलताहरूलाई देखा पर्दै रहेको अवस्थामा भारत र नेपाल दुवै मुलुकमा सम्बन्ध महत्वपूर्ण रूपमा विकसित हुने सम्भावना छ। राष्ट्रिय चासोहरू र विकासका अवसरहरूबीच सन्तुलन राख्नु अनिवार्य हुनेछ। साझा धरोहर र रणनीतिक अवसरहरूको मान्यता र उपयोग गरेर दुवै देशहरूले समृद्ध र समन्वित भविष्यतर्फ अगाडि बढ्न सक्छन्। सारांशमा, आजको नेपाल-भारत सम्बन्ध ऐतिहासिक सम्बन्ध, आर्थिक साझेदारी, सांस्कृतिक आदानप्रदान र भू-राजनीतिक कारकहरूको एक जटिल मिश्रण हो। नीति-निर्माता, बुद्धिजीवी र नागरिकहरूको आपसी समझदारी र संलग्नताले दुवै देशको उज्ज्वल भविष्यको मार्गप्रसस्त गर्न सकिन्छ।





## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, यूवा, तथा खेलकुद शाखा)
धुलाचौर, बाजुरा

### लेखापरिक्षण सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/३० गते

उपरोक्त विषयका सम्बन्धमा यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको (आधारभूत/माध्यमिक) आ.व. २०८०/०८१ को लेखापरीक्षण गराउनु पर्ने भएकाले ईच्छुक नेपाल चार्टड एकाण्टेन्टस् संस्थाबाट मान्यता प्राप्त लेखापरीक्षकहरुले तपशिलका कागजातपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस गाउँपालिकामा लाग्ने व्यवसाय कर तिरी सूचीकृत हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. नेपाल चार्टड एकाण्टेन्टस् संस्थामा दर्ता भएको प्रमाण पत्रहरुको प्रतिलिपीहरु ।
२. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रहरुको प्रतिलिपीहरु ।
३. गाउँपालिकामा व्यवसाय कर तिरेको रसिदको प्रतिलिपी ।
४. नेपाली नागरिकताको प्रमाण पत्रहरुको प्रतिलिपी ।

बोधार्थ

श्री सूचना प्रविधि शाखा : website मा upload गरिदिनुहुन ।

शिक्षा शाखा प्रमुख



## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

# रमेश भुसालले ल्याए ‘छालबाटो’




• नमस्ते समचारदाता
काठमाडौँ, भदौ/३१

पत्रकार एवम् लेखक रमेश भुसालको नयाँ गैरआख्यान कृति ‘छालबाटो’ लोकार्पण गरिएको छ। काठमाडौँको कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानको डबलीमा शनिबार आयोजित विशेष कार्यक्रममा भुसालकी छोरी अनुराले पुस्तक लोकार्पण गरिन्।पुस्तक लोकार्पण कार्यक्रमसँगै विद्वान् हरि शर्माले लेखक भुसालसँग संवादसमेत गरे। शर्माले पुस्तक लेखनदेखि यसका विविध पक्षमा आधारित रहेर भुसालसँग संवाद गरे। कार्यक्रममा शर्माले पर्यावरण, वातावरण, नदीनाला अनि नेपाल-चीन-तिब्बत सीमा क्षेत्रका बासिन्दाको अध्ययनमा रुचि राख्नेहरूलाई पुस्तक उपयोगी भएको बताए। ‘म यो पुस्तक पढ्नका लागि एकदमै आग्रह गर्छु,’ शर्माले भने, ‘यसमा रमेशजीले यात्रा गर्दै नदीलाई मानिसको जीवनसँग जोडेर सुन्दर किसिमले बुन्नुभएको छ।’ नदीनालाहरूको दोहन बढिरहेको र तिनको संरक्षण अपरिहार्य बनिरहेको सन्दर्भमा पुस्तकले यस विषयमा समेत जोड दिएको उनको भनाइ छ। कार्यक्रममा लेखक भुसालले मानिसका कर्मले प्रकृति एवं पर्यावरण बिग्रिएको बताए। ‘मान्छे आफू मात्रै पृथ्वीमा थपिएको छैन, उसले अरू धेरै कुरा पनि थपेको छ। उसले अरूलाई सिध्याएर आफ्नो साम्राज्य खडा गरिरहेको छ। त्यसरी उसले सिध्याउँदै लगेको एउटा स्रोत नदी हो,’ उनले भने, ‘जब कि पृथ्वीमा रहेका सबै नदीको कुल लम्बाइ एक करोड २० लाख किमि छ। अहिले पृथ्वीका कुल नदीमध्ये ६० प्रतिशतमा बाँध बाँधिसकिएको छ।’ तर बाँधिन बाँकी केही नदीमध्ये कर्नालीको शिरदेखि पुछारसम्मको यात्रा ‘छालबाटो’ रहेको उनको भनाइ छ। यो पुस्तक आफूले नदीयात्रा गर्दा भेटेका पात्रहरूको कथा रहेको भुसालले जनाए। ‘यो अलिअलि मेरो, अलिअलि नदीको, अलिअलि कर्नालीवासीको, अलिअलि मेरा सहयात्रीहरूको, अलिअलि नदी राजनीतिको र अलिअलि नदी विज्ञानको कथा हो,’ उनले भने, ‘कतै यो निकै तथ्यपरक रूपमा प्रस्तुत भएको होला त कतै अलि भावनामा पनि बहकिएको होला।’

# भारतीय पर्यटक बढाउने अभियानमा लुम्बिनी

• नमस्ते समचारदाता
बुटवल, भदौ/३१



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनीमा भारतीय पर्यटकको आगमन बढाउन भारतको उत्तर प्रदेश सरकारसँग सम्बन्ध विस्तार गर्ने तयारीमा रहेको बताएका छन्। बुद्ध जन्मस्थल लुम्बिनी र गौतमबुद्ध विमानस्थललाई लक्ष्य गरी रुपन्देहीमा अर्बौं लगानीमा पर्यटकीय पूर्वाधारहरु बनेकाले धेरै भारतीय पर्यटक भित्राउन अपरिहार्य रहेको उनले बताए। आज लुम्बिनी केबलकारको अवलोकनपछि मुख्यमन्त्री आचार्यले उत्तरप्रदेशको २४ करोड जनसंख्यालाई लुम्बिनी प्रदेशका पर्यटकीय स्थलमा आकर्षित गर्न मुख्यमन्त्रीस्तरीय वार्ता र सहकार्य गर्ने तयारीमा रहेको उनले बताएका हुन्। भारतीय पर्यटकहरुको सहज आवागमनका लागि प्रदेश सरकारले उत्तर प्रदेश सरकारसंग सहजीकरण गर्ने तयारीमा छ’, मुख्यमन्त्रीले भने, ‘यसमा नेपाल सरकारको पनि सहयोग आवश्यक छ, हामीले पर्यटकको बसाई लम्ब्याउन मुख्य पर्यटकीय स्थललाई जोडेर प्रदेश पर्यटन सर्किट पनि बनाउँदै छौं।’ मुख्यमन्त्री आचार्यले भारतीय पर्यटकका सवारी साधनलाई सीमा नाकाबाट कम्तीमा चुरेको फेंदीसम्म प्रवेश अनुमति र भारतीय पर्यटक चढेका सवारीसाधनलाई सरक्षा जाँचको नाममा टाफिक प्रहरीले अनावश्यक दुःख दिने परिपाटी अन्त्य गर्न नीतिगत सुधारको पहल भइरहेको बताए। लुम्बिनी आउने पर्यटकलाई प्रदेशका १२ जिल्लामा भ्रमण गराउने गरी पर्यटन सर्किटको विकास गर्ने तयारी रहेको उनले बताए।

# मुगुम कार्मारोङमा प्रविधिमैत्री बन्यो वडा

• नमस्ते समचारदाता
मुगु, भदौ/३१

तलतिर कर्णाली आफ्नै गतिमा बग्दै छ। माथितिर अग्ला कालापत्थर जस्तै देखिने डाँडाको खोँचमा छ- उदाहरणीय वडा कार्यालय। मुगुम कार्मारोङ गाउँपालिका-९ नम्बर वडा कार्यालय विकट स्थानमा भए पनि प्रविधिमैत्री छ। वडा कार्यालय मात्र होइन, यस वडाभित्र रहेका विद्यालय, स्वास्थ्य संस्थाहरू पनि प्रविधिमैत्री छन्। मुगुम कार्मारोङ गाउँपालिकामा जम्मा ९ वटा वडा छन्। तर, ९ नम्बर वडा कार्यालय भने प्रविधिमैत्री हुँदा सर्वत्र चर्चा भएको छ। वडा सचिव विजय भाम र वडाध्यक्ष रतनबहादुर बुढाको समन्वयकारी सक्रियतामा वडा कार्यालय विकाससँगै प्रविधिमैत्री भएकाले यस वडाको सर्वत्र चर्चा भएको हो। मुगुमा ४ वटा स्थानीय तहका ४५ वटा वडा छन्। जसमध्ये विकट गाउँमा रहेको मुगुम कार्मारोङ गाउँपालिकाको ९ नम्बर वडा प्रविधिमैत्री भएपछि सेवा प्रवाह सहज भएको छ। वडा कार्यालयलगायत यहाँ रहेका विद्यालय, स्वास्थ्य संस्था प्रविधिमैत्री छन। प्रविधिमैत्री हुँदा सेवा प्रवाहदेखि विद्यार्थीको पठनपाठन पनि सहज भएको वडा सचिव विजय भामले बताए। उनका अनुसार वडा कार्यालयमा सूचना सम्प्रेषणका लागि डिजिटल बोर्डलगायत अन्य आवश्यक प्रविधि जडानले गर्दा दैनिक सेवा प्रवाहमा सहज भएको हो। यस वडा कार्यालयसँगै पालिकाअन्तर्गतका नेपाल राष्ट्रिय आधारभूत विद्यालय छायल, राष्ट्रिय आधारभूत विद्यालय पापु र आनन्द आधारभूत विद्यालय चिमाथ गरी ३ वटा विद्यालय र ३ वटा आधारभूत स्वास्थ्य संस्था पनि प्रविधमैत्री छन्। विद्यालय र स्वास्थ्य संस्थाहरूमा सिसी क्यामेरा, ई-हाजिरी, इन्टरनेटलगायत प्रविधि जडान गरिएको छ। जसले गर्दा अप्रत्यक्ष रूपमा शिक्षक कर्मचारीको निगरानीमा सहयोग पुगेको र सेवा प्रवाहदेखि विद्यालयमा पठनपाठन समेत सहज भएको वडाध्यक्ष बुढाले बताए।

## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

सूचना ! सूचना !! सूचना !!!

**मिति : २०८१/०५/३० गते**

उपरोक्त विषयका सम्बन्धमा यस हिमाली गाउँ कार्यपालिकाको मिति २०८१/०५/२९ गतेको गाउँ शिक्षा समितिको निर्णयानुसार तपशिल बमोजिमको तह तथा विषयमा खुला प्रतियोगितात्मक परीक्षा मार्फत सेवा संघीय शिक्षण अनुदान शिक्षक करारमा पदपूर्ती गर्नुपर्ने भएकाले ईच्छुक योग्य तथा दक्ष नेपाली नागरिकहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र यस गाउँपालिकाको कार्यालयको कार्यालय समय भित्र रीतपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघिसकेपछि प्राप्त भएको दरखास्त उपर कुनै कारबाही हुने छैन।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | तह | विषय | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा-१/२०८१/०८२ | मा.वि. | अंग्रेजी | ३ जना | ३०००/- | जम्मा ८ जना |
| २ | शिक्षा-२/२०८१/०८२ | मा.वि. | गणित | ४ जना | | |
| ३ | शिक्षा-३/२०८१/०८२ | मा.वि. | विज्ञान | १ जना | | |
| ४ | शिक्षा-४/२०८१/०८२ | नि.मा.वि. | अंग्रेज़ी | ९ जना | २०००/- | जम्मा १२ जना |
| ५ | शिक्षा-५/२०८१/०८२ | नि.मा.वि. | गणित/विज्ञान | ३ जना | | |

आवश्यक शैक्षिक योग्यता :
१. मा.वि. तहका लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने।
२. नि.मा.वि. तहका लागि सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने।

अन्य आवश्यक कागजातहरु
- शिक्षण अध्यापन अनुमतिपत्रको प्रतिलिपी।
- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।
- शैक्षिक योग्यताका प्रमाण-पत्रको प्रतिलिपी।
- पासपोर्ट साइज फोटो २ प्रति।

परीक्षाको किसिम:- लिखित तथा मौखिक।
परीक्षा केन्द्र:- हिमाली गाउँपालिका कार्यालय धुलाचौर, बाजुरा।
दरखास्त दिने अन्तिम मिति:- २०८१/०६/१३ गते कार्यालय समय भित्र।
तलब स्केल:- गाउँपालिकाको निर्णयानुसार।
*पुनश्चः- परीक्षाको मिति र समय दरखास्त मिति सकिएको भोलिपल्ट तोकिने छ।*
*बोधार्थः- श्री सूचना प्रविधि शाखा : website मा upload गरिदिनुहुन।*

नि. प्रमुख प्रशासकिय अधिकृत

# बैतडीमा तीन दिनदेखि अवरुद्ध विद्युत्



• नमस्ते समचारदाता
धनगढी, भदौ/३०

यहाँ वर्षाका कारण तीन दिनदेखि अवरुद्ध विद्युत् सेवा आजदेखि सञ्चालनमा आएको छ। नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र प्रमुख जनार्दन पौडेलले वर्षाले यहाँस्थित ३३ र ११ केभी प्रसारण लाइनअन्तर्गत विभिन्न क्षेत्रमा २० विद्युत्का खम्बा ढलेकाले सेवा अवरुद्ध भएकामा आजदेखि सेवा सञ्चालनमा आएको जानकारी दिए । उनले भने, "लगातारको वर्षाले यहाँ २० बिजुलीका पोलहरू ढलेका कारण सेवा अवरुद्ध भएको थियो। मर्मत गरेर आजदेखि विद्युत् सेवा सञ्चालन गरिएको छ ।" वर्षाका कारण प्रभावित भएको जनजीवन आजदेखि सामान्य बन्दै गएको छ ।

# नबराज र सम्झनाको दोहोरी गीत 'कर्णालीको शिर' सार्वजनिक



• नमस्ते समचारदाता
काठमाडौं, भदौ/३०

ञकर्णालीको शिर' दोहोरी गीत गायक भण्डारीको आफ्नै युट्युब च्यानल मार्फत सार्वजनिक गरिएको छ। हुम्लाबाट काठमाडौं गएर देउडा गीत गएका नवराज भण्डारी र जुम्लाकी गायिका सम्झना अधिकारीको गीत बजार मा । समकोट गाउँपालिका वडा नम्बर -१ ठेहे गाउँमा जन्मिएका हुन भने सम्झना जुम्लाको हिमा गाउँपालिका पाथार खोला जर्जाली गाउँमा जन्मिएकी हुन। विन खातीको शब्द, लय रहेको उक्त लोक दोहोरी गीतमा गायक भण्डारी र गायीका अधिकारीले स्वर दिएका छन्। उक्त दोहोरी गीतमा हुम्ला जुम्ला सहित कर्णालीका साविकका जिल्लाहरुको सम्भावनाका विषयवस्तु उठान गरिएको छ। गीतमा पर्यटकीय सम्भावना बोकेको कर्णाली भएकाले यसको थुप्रै सम्भावनाका प्रचारप्रसार सहित मायापिरतीका शब्द पनि समेटिएका छन् । 'हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लामा विभिन्न पर्यटकीय र धार्मीक गन्तव्यको प्रचुर सम्भावना भएकाले यसको प्रचारका लागि यो गीत बजारमा ल्याएका हौं,' गायक गायिकाले भने । 'कर्णालीको शिर' दोहोरी गीत गायक भण्डारीको आफ्नै युट्युब च्यानल मार्फत सार्वजनिक गरि एको छ । गायक भण्डारीले यसअघि थुप्रै देउडा गीत बजारमा ल्याइसकेका छन्। दोहोरी गीत भने पहिलो भएको उनको भनाइ छ। शनिबार मात्रै सार्वजनिक भएको 'कर्णालीको शिर' दोहोरी गीतको चर्चाले निकै उत्साहित भएको गायिका अधिकारीले बताइन्।

'मनमा हजारौं रहर हुँदा हुँदै पनि समय र परिस्थितिले गर्दा आफ्नो कला र गला देखाउन पाएकी थिइनँ,' उनले भनिन्, 'उमेर ढल्किए पनि समय गए पनि अहिले आएर गीत संगीतमा पाइला टेक्न पाउँदा अति नै खुसि लागेको छ।' उनकाले एउटा आफ्नो अपिसियल गीत निकालेकि छन् भने 'दयालु मन रुँदो देउडा ठाडी भाका गीत पनि निकालेकी छन्। उनले हुम्लाका राष्ट्रिय गायक नवर ाजसँग कर्णालीको शिरमा आफूलाई गीत गाउने मौका दिएपछि साह्रै खुसी लागेको बताइन्।

## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

### सार्वजनिक सूचना प्रकाशन गरिएको सम्बन्धमा ।

मिति : २०८१/०५/३० गते

श्री सम्बन्धित सबैकालागि ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत हाट बजार क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण व्यवसायी तथा आम समुदायलाई हिमाली गाउँपालिका कार्यालयको तपसिल अनुसार अनुरोधका साथ यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

- कोहि कसैले पनि म्याद सकिएका खाद्यान्न लगायत दैनिक उपभोगका बस्तुहरु साथै अन्य औषधि लगायत बिक्रिका सामानहरु बेचबिखन नगर्नु नगराउनुहोला ।
- सम्पूर्ण व्यापारी तथा होटेल व्यवसायीहरुले आफ्नो व्यवसायबाट उत्पादन भएका फोहोरमैलाहरु जथाभावी नफाल्नुहोला साथै गाउँपालिकाले फोहरमैला संकलनको लागि प्रत्यक आइतबार पठाउने ट्याक्टर मार्फत फोहोरमैला डम्पिङसाइडमा पठाउने व्यवस्था मिलाउनुहोला ।
- कुखुरा, हाँस, बंगुर लगायतका घरपालुवा पशुपंक्षी जतातते छोड्ने गरेको भन्ने व्यापक गुनासो आएको हुँदा घरपालुवा पशुपंक्षी जतातते छोड्ने कार्य नगर्नुहोला ।
- यातायातका साधन बजारक्षेत्रमा अव्यवस्थित गरेर पार्किङ गर्ने कार्य नगर्नुहोला ।
- आफ्नो पसल व्यवसाय दर्ता र नविकरण गरेर मात्र संचालन गर्नु गराउनुहोला ।
- मदिराजन्य बस्तुहरु कानुनले तोके बमोजिम तथा संचालन अनुमतिपत्र लिएको बाहेक अन्य अवस्थामा बेचबिखन नगर्नु नगराउनुहोला ।
- बजार क्षेत्र र बसोबास क्षेत्र भन्दा टाढामात्र कुखुरा बंगुर लगायतका पशुपंक्षी फर्महरु संचालन गर्नु गराउनुहोला ।
- आफ्नो पसल व्यवसाय जुन प्रयोजनका लागि दर्ता अनुमतिपत्र लिएको हो सोहि प्रकृतिको व्यापार व्यवशाय मात्र संचालन गर्नुहोला ।
- सिसाजन्य बस्तु तथा बोतलहरु जथाभावी नफाल्नुहोला ।
- कतिपय व्यक्तिहरुले सौचालय नबनाएको भन्ने गुनासो आएको हुँदा अनिवार्य सबैले सौचालय बनाई प्रयोग गर्नु होला साथै खुला दिसापिसाब नगर्नु नगराउनुहोला ।
- सार्वजनिक सरकारी जग्गामा जथाभावी घरटहरा स्थायी पक्कि घरहरु तथा अन्य संरचना निर्माण कार्य नगर्नु नगराउनुहोला ।

नि. प्रमुख प्रशासकिय अधिकृत

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
शाखा कार्यालयहरु

### गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्ति घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माण कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके